DAILY

# NEWSLETTER

As of March 31, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## नेप्सेमा रिबाउन्ड: घट्दो ट्रेन्डपछि बजारमा हरियाली




दुई कारोबार दिनदेखि लगातार ओरालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार भने सुधार हुँदै हरियालीमा बन्द भएको छ। सुरुवातमा २८०० विन्दुभन्दा तल झरेको बजारले पछि मजबुत टेवा पाउँदै २८५१.०९ विन्दुमा क्लोज हुँदा १९.७० अंकको वृद्धि देखिएको छ। सेन्सेटिभ इण्डेक्स ३.२६ अंकले बढ्दा फ्लोट इण्डेक्स १.२४ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स १.०२ अंकले पनि सकारात्मक साथ दिएका छन्। बजार बढे पनि कारोबार रकम भने घटेर ११.११ अर्बमा सीमित रह्यो (अघिल्लो दिन ~१३ अर्ब)। यसले बजारमा buying pressure त देखिए पनि **volume support अझै कमजोर** रहेको संकेत गर्छ।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा ABOVE छ । |
| MACD | नेप्सेमा हाल MACD मा Buying (NEGATIVE) देखिएको छ । |
| RSI | RSI 54 पुगेको देखिन्छ । |

| | |
|---|---|
| Support | 2800 |
| Resistance | 2900 |

रिलायन्स स्पिनिङ मिल्स, भुजुङ्ग हाइड्रोपावर, सुपर खुदी हाइड्रोपावर, रिज लाइन इनर्जी र होटल फरेष्ट इनका शेयरहरू सकारात्मक सर्किटमा कारोबार भए। साथै, सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक करिब १०% ले उकालो लाग्दा धेरै स्टकहरू ४% भन्दा बढीले बढेका छन्।

सप्तकोशी डेभलपमेन्ट बैंकको शेयर मूल्य ८.९६% ले घट्दै सबैभन्दा ठूलो गिरावटमा रह्यो।

छोटो अवधिमा बजार **controlled bullish** देखिएको छ। Volume बढेमा आगामी दिनमा momentum अझ बलियो बन्न सक्ने सम्भावना छ। ***Support zone बाट strong rebound/ Broad-based sector growth/ Volume घट्दा rally को strength मध्यम***